## मिति २०७७ श्रावण २७ गते वीरेन्द्रनगर नगरकार्यपालिकाको ९१ औं बैठकका निर्णयहरु

१.आर्थिक वर्ष २०७६।०७७ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गर्नका लागि मिति २०७७।०५।७ गते भित्रमा वडा र शाखागत समिक्षा सम्पन्न गरि एकिकृत वार्षिक समिक्षा कार्यक्रम मिति २०७७।०५।१० र ११ गते नगरकार्यपालिका कार्यालयमा गर्ने ।

२.श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं.२३,मिति २०७७।०४।१२ को प्राप्त पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा (१०) बमोजिमका रोजगार सेवा केन्द्रमा चालु आर्थिक वर्षमा सुरु भएको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अर्न्तगत यस नगरपालिकामा स्थानीय तहको पाचौं तह सरहको प्राविधिक सहायक पदपुर्ति गर्न युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि,२०७६ बमोजिम पदपुर्तिका लागि देहाय अनुसार गर्ने :

(क) कार्यविधिको दफा १३(७) बमोजिम गठन हुने पदपुर्ति समितिमा विषय विज्ञको रुपमा संघिय योजना कार्यान्वयन ईकाइमा पत्राचार गरि तहाँको कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत स्तरको प्राविधिक कर्मचारी (ईन्जिनियर) आमन्त्रण गर्ने ।

(ख) मिति २०७७।०५।२९ गते विज्ञापन सूचना आव्हान गर्ने ।

(ग) यस कार्यका लागि गठन हुने पदपुर्ति समितका पदाधिकारी र बढिमा २ जना सम्म सहयोगी कर्मचारीलाई लोक सेवा आयोगको मापदण्ड बमोजिम सुविधा उपलब्ध गराउने ।

३. यस नगरपालिकामा गत आर्थिक वर्षमा एम्बुलेन्स संचालन सम्बन्धमा नगरपालिका आफैले संचालन गर्ने वा कुनै गैर नाफामुलक संस्थासँग साझेदारी गर्ने गरी कार्यविधि तयारी गरी आगामी बैठकमा पेश गर्न कार्यालयलाई जिम्मेवारी दिने ।

४.सार्वजनिक सेवा तथा क्षमता विकास समितिबाट पेश भएको करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७७ र वातावरण तथा विपद व्यवस्थापन समितिबाट पेश भएको फोहरमैला व्यवस्थापन कार्यविधि,२०७७ आजको बैठकमा टेबल गरियो । टेबल गरिएका कार्यविधिहरु सम्बन्धमा कुनै संशोधन भएमा आगामी बैठकमा सदस्यज्युहरुले संशोधन प्रस्ताव गरि स्वीकृत गर्ने ।

५.मिति २०७७।०४।१९ गतेको शाखा प्रमुखको बैठकको निर्णय आजको बैठकमा जानकारी गरियो । यस सम्बन्धमा जुनसुकै वडाको सम्पति कर लगायतका कर दस्तुरहरु जुनसुकै वडाबाट सरल रुपमा असुल तथा संकलन गर्नुका साथै दैनिक संकलन गरिएको राजश्वलाई सोही दिन बैंक दाखिला गर्ने,सो सम्भव नभए सो को भोली पल्ट तुरुन्त रुपमा बैंक दाखिला गरि राजश्व व्यवस्थापन प्रणालीलाई थप सृदृढ गर्ने ।

Scanned with CamScanner

६.विविध

(क) सुर्खेत क्याम्पस (शिक्षा) को च.नं.१०५१,मिति २०७७।०३।२९ गतेको प्राप्त पत्रका सम्बन्धमा क्याम्पसको हाता भित्र संचालन भएको क्वारेन्टाईन स्थलमा फर्निचर,विज्ञान सामाग्रीहरु लगायतमा तोडफोड भई भएको क्षतिपुर्ति स्वरुप रु.२,०२,३३६।५५ माग भएको सम्बन्धमा स्थलगत रुपमा कार्यालयले स्थलगत निरिक्षण गरि प्रतिवेदनका आधारमा कोरोना संकमण तथा रोकथाम कोषबाट खर्च लेख्ने ।

(ख) मालपोत कार्यालय,सुर्खेतको च.नं.४४०,मिति २०७७।०४।२१ गतेको प्राप्त पत्रका सम्बन्धमा सार्वजनिक बाटो लगत कट्टा समितिको मिति २०७६।१०।१७ गतेको निर्णय बमोजिम "व्यवस्थित बसोबास बनाउने अभिप्रायले सहमतिमा रहेका बाटोहरुलाई अनिवार्य रुपमा मापदण्ड बमोजिम बाटो काट्दा सबैजसो सहमतिका बाटाहरु ६ मिटरका मात्र भएको र जग्गाधनीहरुले सोही सहमतिका बाटोको आधार मानी मापदण्डका घडेरी ५ धुर जग्गा र सो को मोहोडा ५ मिटर राखि लालपुर्जा लिई बसेको अवस्थामा अनिवार्य रुपमा ८ मिटर वा १० मिटरको बाटो काट्नु पर्ने अवस्थामा निज जग्गाधनीको मापदण्डका जग्गाहरु मापदण्ड विपरित हुन जाने भएको हुँदा आजसम्म कट्टा भएको र अव उपरान्त कट्टा हुने बाटोको लगत कट्टा गर्दा मापदण्ड भन्दा कम हुन जाने घडेरीलाई सोही बाँकी जग्गाको घडेरीलाई मापदण्ड पुगेको" भनी अनुमोदन गर्ने ।

(ग) बसपार्क व्यवस्थापन समितिको मिति २०७७।०४।१३ को निर्णय र वीरेन्द्रनगर नगरपालिका र पी.आर कन्स्ट्रक्सन विच वीरेन्द्रनगर सिटि बसपार्क संचालन सम्वन्धी सम्झौताको विषय आजको बैठकमा जानकारी गरियो । यस सम्झौताको अवधि २०७७ असोज १ वा कोभिड १९ को कारणले लामो दुरीको सार्वजनिक यातायात संचालन सुरु हुने मिति जुन पछि हुन्छ,सोही मितिदेखी लागु हुने गरि गर्ने ।

(घ) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २०,मिति २०७७।०४।०२ गते र च.नं. ३९,मिति २०७७।०४।२२ गतेको पत्रका सम्बन्धमा आजको बैठकमा जानकारी गरियो । ईन्जिनियरिङ्ग सेवा,सिभिल समूह,स्यानिटरी उपसमूह,चौथो तह खा.पा.स.टे पदका श्री देवनारायण आचार्यलाई यस नगरपालिकाको रिक्त सहायक चौथो (प्रा.) पदमा कामकाजमा लगाई मन्त्रालयको पत्रानुसार तलब भत्ता भुक्तानी गर्ने ।

Scanned with CamScanner